मिति: २०७१।०४।२९

श्रीमान कार्यकारी अधिकृत ज्यु

सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर ।

विषय: आ.ले.प. प्रतिवेदन पेश गरेको ।

महोदय,

उपरोक्त विषयमा यस कार्यालयको आ.व.२०७०।०७१ को आन्तरीक लेखापरीक्षण कार्य सम्पन्न भई प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

सिद्धार्थनगर नगर पालिका
सिद्धार्थनगर
दर्ता नं० २४०६
मिति ०७१।४।२९

यादव प्रसाद सापकोटा

आ.ले.प.अधिकृत

सि.न.पा.कार्यालय,सिद्धार्थनगर

अनुसूची-७४

# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर
## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

प्रतिवेदनको अवधि: मिति २०७०।०४।०१ देखि २०७१।०३।३२ सम्म

कार्यालय प्रमुखको नाम: टीकादत्त राई                स्वीकृत वार्षिक बजेट : रु.१९,६१,९८,३७५।९९

आ.प्र.शाखा प्रमुखको नाम: गणेश वहादुर क्षेत्री   आ.ले.प.शाखा प्रमुखको नाम: यादव प्रसाद सापकोटा

| सि.नं. | गोश्वारा भौ.नं. | आ.ले.प. गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्न रकम रु | असुल गर्न रकम रु | पेश्की रकम रु म्याद नाघेको | म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २२८ | शा.अ.श्री शेखर नाथ पंथीलाई होटल वास वापत४ दिनको रु ४००।-का दरले रु १६००।-भु.हुनु पर्नेमा रु २०००।- भुक्तानी भएको। | | ४००।- | | | चालु खर्च खाता ग.२.१ |
| | ९८ | भवानी स्टोर्स सि.न.को विल रकम रु ५६३५।–मा रु ५८३५।– भुक्तानी भएको । | | २००।– | | | आई. यु.डि. पि. |
| ३ | ९९ | स.चालक मेख वहादुर थापाले पेश गरेको डिजलको विल थान २ को ८४ लि. हुनु पर्नेमा ८५ लि.को भु.भएको | | १०५।– | | | आई. यु.डि. पि. |
| | | | | | | | |

पुनश्च: वार्षिक वजेट रु २७,४१,२०,०००।- भएकोमा सत्रौं नगर परिषदबाट संशोधन भई रु १९,६१,९८,३७५।९९ गरिएको ।

आ.ले.प. शाखा प्रमुखको दस्तखत:

मिति:

आ.ले.प. अधिकृत

# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर

## आ.व. २०७०।०७१ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन

आ.व. २०७०।०७१ मा नगरपालिका कोषको खाता कार्यकारी अधिकृत श्री टीकादत्त राई र वरिष्ठ अधिकृत श्री गणेश बहादुर क्षेत्रीको संयुक्त दस्तखतबाट संचालन भएको छ । स्थानीय निकायको मेरुदन्ड भनेकै आफ्नै आन्तरीक आय श्रोत हो । नगरको विकासको लागि श्रोत साधनको परिचालन गर्दा नगरवासीको हितलाई ध्यानमा राखी जनसहभागीतामा अभिवृद्धि गर्दै विकास प्रकृयालाई संस्थागत रुपमा लैजानु पर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ उपलब्ध साधन श्रोतको मितव्ययी तरिकाले अधिकतम सदुपयोग हुनु अनिवार्य छ ।

आन्तरीक लेखापरीक्षणको क्रममा प्राप्त आय विरणको आधारमा नगरपालिकाले आ.ब. २०७०।०७१ मा आन्तरिक श्रोतबाट रु ४,२१,२८,५००।०० र बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट रु १५,२८,६९,८७५।०० गरी कुल रु १९,६१,९८,३७५।०० आम्दानी गर्ने लक्ष्य लिएकोमा आन्तरीक श्रोतबाट रु ५,३८,२७,१४३।६७ र बाह्य श्रोत, ऋण तथा अनुदानबाट रु १३,९६,४२,५७०।९९ गरी जम्मा रु १९,३४,६९,७१४।६६ आम्दानी भएको देखिन्छ ।

न.पा.ले आन्तरिक श्रोत बाट लक्ष्य भन्दा वढी १२८ % आम्दानी गर्न सफल भएको छ भने बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट ९१.३५ % लक्ष्य हाशिल भएको छ । कुल अनुमानीत वजेटमा ९८.६१% लक्ष्य हासिल भएको छ । कुल आम्दानीमा आन्तरीक श्रोतको हिस्सा २७.८२ % मात्र छ ।

आन्तरिक श्रोत तर्फ उल्लेख्य वृद्धी हुनुमा घर जग्गा कर बक्यौता रु ५५,००,०००।- अनुमान गरिएकोमा रु ८३,९२,४१५।६८ अशुल भई १५२.५९ % लक्ष हासिल भएको छ । एकिकृत सम्पत्तीकर रु ९५,००,०००।- लाख अनुमान गरिएकोमा रु ९९,७९,०५७।१२ अशुल भई लक्षको १०५.०४ % प्रगती भएको छ । घर नक्शा पास तर्फ ८०,००,०००।- अनुमान गरिएकोमा रु १,०२,४९,२१७।४४ अशुल भई १२८ % प्रगती भएको छ ।

पेशा व्यवसाय करमा रु २८,००,०००।- अनुमान गरिएकोमा रु २८,५९,०७८।१३ अशुल भई १०२ % प्रगती भएको छ । बहाल कर रु १,५०,०००।- अनुमान गरिएकोमा रु ३,७७,८९२।९५ अशुली भई २५२ % प्रगती भएता पनि सम्भावनाको तुलनामा अत्यन्त न्युन रकम हो । आन्तरिक श्रोतको महत्वपूर्ण

आ.ले.प.अधिकृत

हिस्सा बन्न सक्ने श्रोत लाई परिचालन गर्न सकिएको छैन । बहाल करलाई उच्च प्राथमिकता दिई अशुल गर्ने रणनीति अवलम्वन गर्नु पर्ने देखिन्छ ।

<u>राजश्व तर्फ:</u>

- सि.न.पा. ७ स्थित काशी सिनेप्लेक्स नगरपालिकाको स्वीकृतीमा दर्ता भई संचालनमा आएको छ । टिकटमा नियमानुसारको ५% स्थानीय कर अशुल गरेको देखिन्छ तर हाल सम्म नगरपालिकामा दाखिला गरेको देखिएन । कहिले देखि संचालनमा आएको हो यकिन गरी अशुलीको लागि पहल गर्नु पर्ने ।
- पदामाश्री चलचित्र मन्दिर सिद्धार्थनगरको आ.व. २०६१।०६२ देखि २०६८।०६९ सम्मको २०७०।०५।०३ मा र.नं. १८२९ बाट एकमुष्ट रु ५१,३८४।२३ र २०६९।०७० को मिति २०७०।१०।१३ मा रु ७१३७८३ दाखिला भएको देखिन्छ । तर कुन आधारमा दाखिला गरेको हो यकिन हुन सकेन । आ.व. २०७०।०७१ को हाल सम्म दाखिला भएको पाईएन । विवरण सहित रकम दाखिलाको लागि पहल गर्नु पर्ने ।
- सिद्धार्थ चलचित्र मन्दिर सिद्धार्थनगरको आ.व. २०७०।०७१ को मनोरन्जन कर हाल सम्म दाखिला भएको नदेखिएकोले विवरण सहित दाखिलाको लागि पहल गर्नु पर्ने ।
- नगर क्षेत्र भित्र संचालित अधिकाशं सहकारी संस्था तथा वीमा कम्पनीहरु दर्ता भएको नपाईएकोले दर्ताको लागि पहल गर्नु पर्ने ।

राजश्व शाखाको अभिलेख खनुसार २०७१ साल आषाढ मसान्त सम्ममा उठेको व्यवसायकर रकम र बाँकी बक्यौता को बिबरण :

| वडा नं. | उठनु पर्ने रकम | उठेको रकम | उठन बाँकी रकम |
|---|---|---|---|
| १. | २५,६५,२५२।०० | ३,५४,८२६।०० | २२,१०,४२६।०० |
| २. | २,८३,०८३।३० | ८२,०९२।३० | २,००,९९१।०० |
| ३. | १५,७२,७९१।०० | १,७६,३४०।०० | १३,९६,४५१।०० |
| ४. | १२,४३,१०७।३९ | २,९९,६०४।३९ | ९,४३,५०३।०० |
| ५. | ४८,६६,७४८।०० | ४,५६,७५५।०० | ४४,०९,९९३।०० |
| ६. | ४०,५२,५५८।२५ | ३,९४,८१५।०० | ३६,५७,७४३।२५ |
| ७. | ५८,६२,१८४।२५ | ४,०५,०८३।७५ | ५४,५७,१००।५० |
| ८. | ४६,३२,७५१।७५ | ३,९९,७६७।५० | ४२,३२,९८४।२५ |
| ९. | १२,३१,८२५।५० | १,८३,२९०।०० | १०,४८,५३५।५० |
| १०. | १,६३,२४०।०० | १८,६८०।०० | १,४४,५६०।०० |

आ.ले.प.अधिकृत

| | | | |
|---|---|---|---|
| ➢ ११. | १,०८,२७०।०० | ४२,२७०।०० | ६६,०००।०० |
| १२. | ३०,०६,३२६।७५ | ५,४९,४२८।७५ | २४,५६,८९८।०० |
| १३. | १५,४०,९२३।५० | ३,१६,६४०।०० | १२,२४,२८३।५० |
| **जम्मा** | **३,११,२९,०६१।६९** | **३६,७९,५९२।६९** | **२,७४,४९,४६९।००** |

प्रत्येक महिनाको ७ गते भित्र नगरपालिकाको पसल कवल तथा जग्गाको भाडा देहाय बमोजिमका व्यक्ति तथा संस्थाको अशुल हुन वाँकी देखिन्छ ।

- कवल नं. ७ शोभाकान्त खनालको असारको विद्युत महशुल रु. १३५६।–
- कवल नं. ८ सन्त वहादुर थापाको आसारको विद्युत महशुल रु. ८४०।–
- वेलहिया वसपार्क स्थित रामु चन्दको तीन महिनाको रु ८८०।–का दरले रु २६४०।– दाखिला हुन वाँकी ।

व्यवसायकरको बक्यौता अत्याधिक भएको र धेरै मात्रामा व्यवसायीहरु दायरामा आउन वाँकी छन । अधिक भन्दा अधिक व्यवसायीलाई करको दायरामा ल्याउन र बक्यौता अशुलीको लागि वडा सचिवहरुलाई नियमित प्रभावकारी रुपमा परिचालन गर्न उपयुक्त देखिन्छ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ खण्ड "ग" मा व्यवस्था भए अनुसार कुनै आन्तरिक आय एक लाख पचास हजार रुपैयाँ भन्दा कम उठने भएमा सोभै वार्ता द्धारा र एक लाख पचास हजार भन्दा बढी उठने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्ने छ भन्ने व्यवस्था भएकोमा बेलहिया स्थित भंसार कार्यालयको अगाडीको पार्किङ्ग स्थललाई गत आ.व.मा मासिक रु २५,०००।- दिएकोमा यस आ.व.मा मासिक रु २८,०००।- बुझाउने गरी सोझै बार्ता द्धारा सम्झौता गरी बेलहिया गाउँ समाजलाई दिएको देखिन्छ । नियमानुसार बोलपत्र आह्वान गरी ठेक्का बन्दोवस्त गर्न सुझाव छ ।

## एकिकृत सम्पत्तिकर तर्फः

कुल करदाता करिव १६७२२ मध्ये आ.व.२०७०।०७१ को अन्त्य सम्म १०९६३ जना करदाताहरु एकिकृत सम्पत्तिकरको दायरामा आएको देखिन्छ । आ.व.को अन्त्य सम्म घर जग्गा कर बक्यौता रु ८३,९२,४१५।६८ र एकिकृत सम्पत्तिकर रु ९९,७९,०५७।१२ अशुली भएको देखिन्छ ।

- यु.सि.एम.एस. भैरहवाको घर जग्गा कर रु २८,४०,५७५।६६ र एकिकृत सम्पत्तिकर रु ६,७९,३८९।०२ बक्यौता देखिन्छ । अशुलिको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।

आ.ले.प. अधिकृत

- नेशनल ट्रेडिङ्ग लि. भैरहवाको घर जग्गा कर रु ८,४७,३७७।४२ र एकिकृत सम्पत्तिकर रु ४५०००।-बक्यौता देखिन्छ । नियमानुसार अशुल गर्नु पर्ने ।
- तथ्याङ्क प्रविष्टि गर्दा केही रकम असम्वन्धित शिर्षकहरुमा प्रविष्टि भएको पाईयो । कम्प्युटर प्रविष्टि गर्दा ध्यान पूर्वक गर्नु पर्ने र देखिएका गल्तीहरुलाई तुरुन्त सुधार गर्नु पर्ने देखिन्छ ।
- जग्गा खरिद विक्रीको लगत कार्यालयमा नभएकोले मुल्याङ्कन गर्न कठिनाई भएको पाईयो । कार्य सरलताको लागि मालपोत कार्यालयबाट नियमित रुपमा लगत प्राप्तीको लागि पहल गर्नु पर्ने ।
- करदाताले पेश गर्ने विवरणमा घर हुनेको हकमा नक्शा अनिवार्य रुपमा संलग्न गर्नु पर्ने ।
- कर अशुली कार्यलाई प्रभावकारी बनाउन ठूला करदाताहरु लाई विजक पठाउने व्यवस्था गर्नु पर्ने ।
- कतिपय आवश्यक तथ्याङ्क तथा प्रतिवेदनहरु कम्प्युटर सफ्टवेयरबाट प्राप्त हुन नसकेकोले सफ्टवेयर कम्पनी संग समन्वय गरी समस्या समाधान गर्नु पर्ने ।

<u>चालु खर्च तर्फ</u>

- कार्यालय संचालन सम्वन्धी खर्चको लागि रु २०,००,०००।- विनियोजन भएकोमा रु २,००,०००।- वजेट रकमान्तर गरी रु २२,००,०००।- गरिएको । उक्त शिर्षकमा रु २१,९१,६८२।२८ खर्च भएको देखिन्छ । रकम अभावका कारण विभिन्न फर्महरुलाई रु ३,२४,५३९।६४ भुक्तानी दिन बाँकी देखिन्छ ।
- सवारी ईन्धन कर्मचारीको लागि रु १४,००,०००।- विनियोजन गरिएकोमा रु २,८०,०००।- रकमान्तर थप गरी रु १६,५५,५७१।३० खर्च भएको देखिन्छ । दुर्गा आयल सप्लायर्स प्रा.लि. लाई जेष्ठ महिना सम्मको रु.१,२७,१३२।७९ भुक्तानी दिन बाँकी देखिन्छ । अषाढ महिनाको खर्च भुक्तानी दिन बाँकीको विवरणमा समावेस भएको पाईएन ।
- विविध खर्चमा रु ५,००,०००। वजेट विनियोजन गरिएकोमा रु ४,९८,०९०।१०- खर्च भएको देखिन्छ भने रु ५०,५५०।- भुक्तानी दिन बाँकी देखिन्छ ।
- फर्निचर शिर्षकमा रु २,००,०००।-वजेट विनियोजन गरिएकोमा रु ४०,०००।- रकमान्तर गरी रु २,१९,३६४।६४ खर्च भएको देखिन्छ । रकम अभावको कारण रु १,३६,४१३।६० विभिन्न फर्महरुलाई भुक्तानी दिन बाँकी देखिन्छ ।

विनियोजित वजेटको सिमामा रही खर्च गर्न सुझाव छ ।

आ.ले.प. अधिकृत

➢ गो.भौ.नं.२३५, नेशनल स्टेशनरी एण्ड जनरल स्टोर्स सि.न.लाई वजेट पुस्तीका छपाई गर्ने एउटै कामको ४ वटा विलबाट रु १९९४०।–भुक्तानी भएको देखिन्छ । मु.अ.करमा दर्ता भएका फर्म संग कारोवार गर्नु पर्ने ।

➢ गो.भौ.नं.२४३, नेपाल नगरपालिका कर्मचारी एशोसिएसन इकाई समिति सिद्धार्थनगर द्वारा जनचेतना कार्यक्रमको लागि रु १२६००।–खर्च भएकोमा कुन प्रयोजनको कस्तो कार्यक्रम हो कार्यक्रम, विषयवस्तु संलग्न गर्नु पर्ने ।

➢ गो.भौ.नं.२७५, परिमार्जन सहितको नागरिक वडा पत्र कार्यक्रमको Accountability Initative P(Ltd.) लाई रु १,४९,७४५।– महिला तथा वालवालिकाको लागि छुट्टाईएको वजेटवाट खर्च गरेको पाईयो ।

➢ गो.भौ.नं.२८४, कार्यालय संचालन खर्च तथा सफाई सामान खरिद वापत भवानी स्टोर्स सि.न. लाई रु ३३७८५।–भुक्तानी भएकोमा रु ३८४५।–को विल एकिकृत शहरी विकास परियोजनाको भएकोले हिसाव मिलान गर्नु पर्ने ।

➢ कार्यालयमा संचालन हुने विभिन्न तालिम कार्यक्रमहरुमा अधिकाशं रुपमा कार्यालयका कर्मचारीहरु श्रोत व्यक्तीका रुपमा काम गर्ने गरेको पाईयो । श्रोत व्यक्तीको विषय वस्तुको विज्ञता, विषय वस्तु, कार्यपत्र आदि संलग्न गर्नु पर्ने । कार्यक्रमहरु मितव्ययी रुपमा संचालन गर्नु पर्ने ।

**पुंजीगत खर्च तर्फ :**

➢ आकस्मिक आयोजनाहरुको लागि रु ५ लाख विनियोजन गरिएकोमा ९४,९७,७०५।०३ खर्च भएको देखिन्छ । यसबाट नन्वजेटरी कार्यहरु उल्लेख्य रुपमा भएको देखिन्छ ।

➢ जनसहभागितामा संचालन हुने आयोजनाहरुको लागि रु १५ लाख वजेट व्यवस्था भएकोमा रु ४३,२४,१५५।४४ खर्च भएको देखिन्छ । ऐन, नियमावली तथा कार्यवीधिको भावना अनुसार जनसहभागितामा संचालन हुने आयोजनाहरु लाई उच्च प्राथमिकता दिई वजेट व्यवस्था गर्नु पर्ने ।

➢ जि.वि.स. बाट प्राप्त हुने योजनाहरु को लागि रु ३७,३८,८५५।– भुक्तानी भएको देखिन्छ । तर बजेट व्यवस्था भएको देखिएन । बजेटमा व्यवस्था गरी सोही शिर्षकबाट खर्च गर्न सुझाव छ ।

➢ स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम ७६ बमोजिम रु १,५०,०००।– सम्म सोझै खरिद गर्न सक्ने व्यवस्था भएको तर निर्माण कार्य गराउँदा एउटै व्यक्ती , फर्म , कम्पनी वा संस्थाबाट एक आ.व.मा

आ.ले.प.अधिकृत

एक पटक भन्दा बढी गराउन सकिने छैन भन्ने व्यवस्था भएता पनि केही फर्महरुलाई पटक पटक कार्य गराएको पाईयो । ऐन, नियममा भएका व्यवस्थाहरुलाई पालना गर्नु पर्ने देखिन्छ ।

- कुनै एउटा आयोजना तथा एउटै प्रकृतीका कार्यहरु खण्डीकरण गर्न नपाईने कानूनी व्यवस्था छ । बोलपत्र बाट गराउनु पर्ने कार्यलाई खण्डीकरण गरी सोझै कार्यादेश दिएको पाईयो । सि.न.पा. १३ स्थित महेन्द्र सभागृहमा कम्पाउण्डवाल लगाउने कार्य मिति २०७०।०७।२५ एउटै मितिमा अलग अलग टिप्पणी उठाई सोही दिन तीन अलग अलग फर्म ( दुर्गम विकास निर्माण सेवा, सापकोटा निर्माण सेवा र न्यू अधिकारी निर्माण सेवा ) लाई कार्यादेश दिएको पाईयो ।
- गो.भौ.नं. १९४: सुरेन्द्र सिंह क्षेत्री वडा नं.१ वेलहिया लाई नाला सफाई वापत रु ५४,४००।- भुक्तानी भएको देखिन्छ । उक्त कार्यको लागि निवेदन, लागत अनुमान , स्वीकृती , कार्यादेश आदि भएको पाईएन ।
- गो.भौ.नं.३४०: ठेकेदार तन्नु निर्माण सेवा, भानुपथ हुँदै गोलीगढ सम्म नाला तथा सडक पीच कार्यको ल.ई. रु ३०,०४,७२१।३६ ठेक्का अंक रु २९,४३,११६।०८, कार्य सम्पन्न विल रु ३२,१७,९१७।२२ भुक्तानी भएको देखिन्छ जुन ठेक्का अंकको ९.३४ % ले बढी देखिन्छ । भेरिएशन गर्नु पर्ने पर्याप्त कारण सहित अग्रीम भेरिएशन आदेश लिएको पाईएन ।
- गो.भौ.नं.३४९: शाखा अधिकृत श्री देव प्रसाद ज्ञवाली, नागरिक सचेतना कार्यक्रमको रेष्टुरेन्टको विल थान तीन र स्टेशनरी वापत रु २०,०००।- भुक्तानी भएकोमा कार्यक्रम कहिले ,कहाँ भएको हो उपस्थिती ,माईनुट तथा कार्यकम संलग्न गर्नु पर्ने अन्यथा दाखिला गर्नु पर्ने देखिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ मा विकास निर्माणका कार्यहरु अमानतमा गर्ने प्रावधान हटाईएको भएता पनि देहायका कार्यहरु अमानतमा भएको पाईएकोले अमानतमा काम गर्ने परिपाटीलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

- गो.भौ.नं. ७२,७६ : जिल्ला अतिथी गृह स्थित सेड घर निर्माण गर्न ल.ई. ३४१००९।२३ भई ई. मधु गौतमलाई कार्यादेश भएकोमा रु ३३२५१४।३५ भुक्तानी भएको देखिन्छ ।
- गो.भौ.नं.१३१, नेशनल ट्रेडिङ्ग लि.को कम्पाउण्ड भित्र आल्मुनियमको पार्टिशन गर्न ल.ई.रु. ३३४०२८।– भएकोमा अमानतमा कामगर्न कार्यादेश भई ३,०६,६००।– भुक्तानी भएको दखिन्छ ।

आ.ले.प.अधिकृत

- गो.भौ.नं.१४६, सि.न.पा. ७ स्थित मार्गी पथमा नाला तथा सडक पीच कार्यको लागि ल.ई. रु ३,७५,०००।– अमानतमा कार्यादेश भएकोमा रु.३,५१,९४३।१४ भुक्तानी भएको देखिन्छ ।
- गो.भौ.नं. १५७, भैरहवा वहुमुखी क्याम्पसको तला थप कार्य ल.ई.रु ११,२३,४५३।२७ स्वीकृत भई ई.मधु गौतमलाई अमानतमा काम गर्न कार्यादेश भएकोमा प्रथम रनिङ्ग विल रु ५,३६,७३१।४३ भुक्तानी भएको देखिन्छ ।

स्थानीय निकायवाट संचालि सवै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परीक्षण गराउनु पर्ने व्यवस्था भएकोमा हाल उपभोक्ता समितिबाट संचालित आयोजनाहरुको मात्र सार्वजनिक परीक्षण गराएको पाईएकोले नियमानुसार सवै आयोजनाहरुको सार्वजनिक परीक्षण गराउनु पर्ने ।

पाँच लाख वा सो भन्दा वढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरुको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधरणले देख्न सक्नेगरी आयोजना स्थलमा राख्नु पर्ने ।

- विगत लामो समय देखिका विभिन्न व्यक्ति तथा संघ संस्थाको नाममा रहेको पेश्की तथा अन्य वेरुजुहरु फछ्यौटको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।
- गो.भौ.नं. २९(मानव संसाधन विकास कोष) :द्रिन्द्ध पिडित तथा तिनका आश्रीतलाई सहायता मिल्ने खालका कार्यक्रम संचालान गर्नको लागि स्थानीय शान्ति समितिलाई रु ४३,०००।- निकासा भएकोमा शान्ति समितिको बैठकलाई नास्ता व्यवस्था वापत पवन नास्ता खाना सप्लाईको विल थान एक बाट रु १६,०००।- भुक्तानी भएको देखिन्छ ।

**धरौटी तर्फः**

बैंक स्टेटमेन्ट अनुसार आ.व.२०७०।०७१ को अन्तिम मौजदात रु ८१,०८,९२९।६४ देखिन्छ भने बैंक नगदी किताव अनुसार अन्तिम मौजदात रु ७८,३६,५३२।६४ देखिन्छ । फरक रु २,७२,३९७– को विवरण देहाय बमोजिम छ :

| | | | |
|---|---|---|---|
| भुक्तानी हुन वाँकी चेक नं. | २८७८१६२ बाट | रु | २,०००।– |
| ,, | १६३ ,, | रु | २,०००।– |
| ,, | १६५ ,, | रु | ८,५००।- |
| गत वर्षको | | रु | ६५,३९७– |
| भैचर प्राप्त हुन वाँकी | | रु | १,९४,५००।– |
| जम्मा : | | रु | २,७२,३९७- |

आ.ले.प.अधिकृत

**कर्मचारी कल्याण कोष तर्फः (ने.ई.बैंकः ०१००२०२५०५२८)**

शुरु मौजदातः रु ३५,७०६।२८
निकासा : रु ५१,००,०००।–
ब्याज आम्दानीः रु १,७०,१९५।४४
खर्च : रु २७,९८,३००।४१
वाँकी : रु २५,०७,६०१।३१

निकट भविश्यमा धेरै संख्यामा कर्मचारीहरु अवकाश हुन गईरहेकोले अवकाश कोषमा संचित रकम अपर्याप्त छ । सोको लागि विशेष व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**जिन्शी तर्फ :**

- कार्यालयमा आवश्यक सामान खरिद गर्दा स्वीकृत खरिद योजना अनुसार गर्नु पर्ने ।
- जिन्शी शाखामा जडित जिन्शीको सफ्टवेयर आंशिक रुपमा प्रयोगमा आएको देखिन्छ । पूर्ण प्रयोगमा ल्याउनको लागि थप तालिमको आवश्यकता देखिन्छ भने प्रशासनमा जडित सफ्टवेयर र लेखामा जडित धरौटीको सफ्टवेयर हाल संचालनमा रहेका छैनन् । सम्वन्धित शाखाका कर्मचरीहरुलाई तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- डेक्सटप तथा ल्यापटप कम्प्युटर जस्ता सामानको जिन्शी दाखिला गर्दा कम्पनी र मोडल सहित उल्लेख गर्नु पर्ने र लिलामी विवरणमा समेत सोही ब्यहोरा उल्लेख गर्नु पर्ने ।
- अधिकाशं सवारी साधनहरुको नियमानुसार लगवुक भरेको पाईएन । अनिवार्य रुपमा अनुसूची-४५ अनुसारको सवारी लगवुक भर्नु पर्ने देखिन्छ ।
- विग्रेका तर म्याद समाप्त नभएका सि.एफ.एल. बल्वहरु साटनको लागि समयमै पहल गर्नु पर्ने ।
- रसिद नियन्त्रण खाता हाल सम्म नराखिएकोले अविलम्व व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- जिन्शी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका मर्मत गरी संचालन योग्य सामानहरु मर्मत गर्न र मर्मत गर्न नसकिने माल सामानहरु लिलाम विकी गर्नु पर्ने ।
- जिन्शी दाखिला नभएका र दाखिला नै गर्नु नपर्ने सामानहरुको पनि रजिष्टरमा दाखिला गरेको पाईएकोले त्यस्ता प्रकृतीका सामानहरु जिन्शी दाखिला नगर्न सुझाव छ ।
- पटके सवारी कर अशुली गर्नको लागि सि.न.पा. ४ मा भएको टंकी ठेकेदारले प्रयोग गर्ने गरेको पाईएकोले नियमानुसार भाडा अशुल गर्नु पर्ने ।

आ.लेे.प. अधिकृत

## एकिकृत शहरी विकाश परियोजना तर्फः

एकिकृत शहरी विकास परियोजनाको लागि आ.व. २०७०।०७१ मा रु ६,५०,००,०००।- वजेट व्यवस्था भएकोमा रु ४,४०,८२,१४४।७४ निकासा भई रु ४,४०,८२,१४४।७४ खर्च भएको देखिन्छ ।

- जि.ई.ओ.सी. नेपाल प्रा.लि.लाई मासिक भाडा रु.२०,०००।– भुक्तानी दिएकोमा आन्तरिक राजश्व कार्यालयको १० % र नगरपालिकाको २ % वहाल कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टा नभएकोले अशुल गरी दाखिला गर्नु पर्ने ।
- गो.भौ.नं.५५, होटल पवन ईन्टरनेशनल सि.न.लाई हल चार्ज समेतको रु ३०,७०२।१० भुक्तानी भएकोमा कुन प्रयोजनको लागि खर्च भएको हो कार्यक्रम, उपस्थिती आदि संलग्न गर्नु पर्ने ।
- गो.भौ.नं. ७५, जी.ओ.ई.सी.नेपाल प्रा.लि. टेक्नोकेट कन्सल्टेन्सी गाडी खरिद गर्नको लागि रु ४५,००,०००।- सम्झौता तथा वजेट व्यवस्था भएकोमा रु.५२,३५,०००।– भुक्तानी भएको देखिन्छ । वजेटको दायरामा रही खर्च गर्न सुझाव छ ।
- गो.भौ.नं. ८८, एप्पल मिडिया एण्ड एडभरटाईजिङ्ग प्रा.लि. लाई जग्गा अधिग्रहण सूचना प्रकाशन वापत रु १,५०,७४२।- भुक्तानी दिएको देखिन्छ । तिलोत्तमा र मेचीकाली राष्ट्रिय दैनिकलाई रु १७,४००।- का दरले भुक्तानी दिएकोमा पत्रिका संलग्न हुनु पर्ने । सूचना प्रकाशन गर्दा प्रचलित दर रेट ख्याल गर्न सुझाव छ ।

यादव प्रसाद सापकोटा
आ.ले.प. अधिकृत
सि.न.पा.कार्यालय
आ.ले.प.अधिकृत